न्यू श्री राजलक्ष्मी ज्वेलर्स
राजविराज-१ (मेनरोड)

यहाँ सुन, चाँदी पाउनुको साथै २४ र २२ कैरेटका आकर्षक गर-गहनाहरु सुपथ मूल्यमा पाईन्छ । साथै औंर्डर अनुसारको गर-गहना तयारी गरिन्छ । राशि अनुसारको बहुमूल्य पत्थरहरु पनि पाईन्छ ।

सत्य सूचना र स्वस्थ जनमत निर्माणका लागि

# कृष्णा राष्ट्रिय दैनिक

जि.प्र.का.सप्तरी ७/०५३/०५४ द.नं. ४०

वचत खातामा ८.५% व्याज

एभरेष्ट
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
राजविराज-७, सप्तरी
फोन नं. ०३१-५३३४१६

वर्ष ३० | अंक ०५१ | २०८१ साल चैत्र २९ गते शुक्रबार | (२०२५ अप्रिल ११) | मुल्य रू.५/-

# कुटपिट गराउने पालिका अध्यक्षलाई कारबाही गर्न माग






**कृष्णा सम्वाददाता**
राजविराज, २८ चैत्र । वडा अधिवेशनको क्रममा भएको कुटाकुट पश्चात जनता समाजवादी पार्टी नेपालको सप्तरी जिल्ला कार्यालयमा पार्टीका युवा, विद्यार्थीहरूले बिहीबार ताला लगाएका छन् ।

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. १ परसाहीमा वडा अधिवेशनको क्रममा बिहीबार विवाद हुँदा दुई पक्षबीच कुटाकुट भएको थियो । त्यसक्रममा समाजवादी युवा संघ सप्तरीका अध्यक्ष केदार यादव र समाजवादी युवा संघ विष्णुपुर पालिका अध्यक्ष देवेन्द्र यादव घाइते भएका छन् । दुवैजनाको टाउकोमा चोट लागे पछि अस्पतालमा भर्ना भएका छन् ।

उक्त घटनापछि युवा, विद्यार्थीहरूले राजविराजस्थित पार्टी कार्यालयमा तालाबन्दी गरेका हुन् । पार्टीका जिल्ला उपाध्यक्ष एवं विष्णुपुर गाउँपालिका अध्यक्ष उमेशकुमार यादवले कुटपिट गराएको आरोप लगाउँदै यादवलाई पार्टी जिल्ला उपाध्यक्ष पदबाट निलम्बन गर्नुपर्ने, नैतिकताका आधारमा उनले पालिका अध्यक्षबाट राजीनामा दिनुपर्ने युवा विद्यार्थीहरूको माग छ ।

समाजवादी विद्यार्थी युनियनका सप्तरी अध्यक्ष श्यामकुमार यादव र समाजवादी युवा संघका जिल्ला उपाध्यक्ष सिकेन्द्रकुमार मण्डलले संयुक्त विज्ञप्ति जारी गर्दै शुक्रबारका लागि तोकिएको पालिका अधिवेशन स्थगनको माग समेत गरेका छन् ।

जसपा नेपाल सप्तरीका अध्यक्ष केदार यादवले पार्टी कार्यालयमा युवा, विद्यार्थीले तालाबन्दी गरेको भन्दै समस्या समाधानको प्रयास भइरहेको बताए ।

## मुक्ति पार्टीको दुई दिवसीय बैठक

**कृष्णा सम्वाददाता**
राजविराज, २८ चैत्र । राष्ट्रिय मुक्ति पार्टी नेपाल सप्तरीको दुई दिवसीय बैठकबाट विभिन्न निर्णय गरिएको छ ।

पार्टीका सप्तरी अध्यक्ष दिपेन्द्र चौधरीको अध्यक्षता तथा केन्द्रिय प्रभारी केशव झाको प्रमुख आतिथ्यमा बुधवार र बिहीवार बसेको बैठकबाट पार्टीको फागुन १२ र १३ गते बसेको केन्द्रिय कार्य समितिले गरेको निर्णय अनुसार संगठन विस्तार तथा आर्थिक सुदृढीकरण अभियान संचालन गर्ने उद्देश्यले जारी गरेको सर्कुलर बमोजिम बैशाख २१ गतेसम्ममा जिल्लाका सबै वडामा संगठन विस्तारको प्रयोजन सहित जिल्लाको १८ वटै पालिकामा

*बाँकी दुई पृष्ठमा...*

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

फागु पूर्णिमा २०८१ को सबै अभिभावक, विद्यार्थी, शुभेच्छुक लगायत सम्पूर्णमा शुभकामनाको साथै यस नोबेल एकेडेमी राजविराज-७, खर्साल टोलमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम निःशुल्क भर्ना भई रहेको जानकारी गराउन चाहन्छौं । समयमै आफ्नो नानी-बाबुहरुको भर्ना गराई सेवाको अवसर दिन आग्रह गर्दछौं ।

हाम्रा विशेषताहरु:
- दक्ष अनुभवी एवं योग्य र तालिम प्राप्त शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन ।
- बाल केन्द्रित खेलविधीद्वारा अध्यापन गराउने र मन्टेश्वरी कक्षाको उत्तम व्यवस्था ।
- स्तरयुक्त र उपयुक्त शैक्षिक वातावरणमा भएको कक्षा कोठामा शिक्षण गराउने ।
- अतिरिक्तक क्रियाकलापको व्यवस्था (नृत्य, संगीत, कला, योग, व्यायाम र खेलकुद)
- Play Groupका लागि छुट्टै खेल कक्षाको व्यवस्था ।
- पुस्तकालय कम्प्यूटर विज्ञान प्रयोगशालाको व्यवस्था । नियमित प्रयोगात्मक गराउने ।
- कमजोर विद्यार्थीका लागि छुट्टै कक्षा र निःशुल्क कोचिङ्ग व्यवस्था ।
- खेल मैदान, छात्रावास (Hostel) को व्यवस्था । (बोडर्स-डे बोडर्स)
- गरिब, दलित र अर्को विद्यालयबाट आएका प्रथम, द्वितीय, तृतीय र जेहेन्दारको लागि विशेष छुटको व्यवस्था ।
- Audio Visioal माध्यमबाट Play Groupp/LKG/UKG लाई शिक्षण गराउने ।
- कक्षा र प्रवेश परीक्षामा प्रथमले ४० प्रतिशत दोस्रोले ३० प्रतिशत र तेस्रोले २० र कक्षा १ देखि माथि बढी अंक ल्याउनेलाई ५० प्रतिशत शूल्कमा छुट दिइने ।
- विद्यालय हाता भित्र CC Camera जडान भएको ।

प्रधानाध्यापक
नोबेल एकेडेमी
राजविराज-७, खरसाल टोल
सम्पर्क नं. ९८०४७१७६७१, ९८०५९४०६७४

मधुमेहबाट छुटकारा मुश्किल छ, असम्भव छैन !

के तपाई पनि उनीहरुमा सहभागी हुन चाहनु हुन्छ, जसले मधुमेह जस्ता रोग ठीक गरि सकेको छ ? अनि हामी तपाईको यो मिशनका लागि प्रतिक्षारत छौं ।



मधुमेहको मेटाबोलिक उपचार
- आयुर्वेद
- आधुनिक पोषण चिकित्सा
- मिलेट आहार

सम्पर्क
निदान आयुर्वेद
क्लिनिक

भारतीय स्टेट बैंकको पछाडी, पेट्रोल पम्प नजिक (भिमनगर), बिहार
दिनः बिहीवार (साँझ ४ बजेदेखि ८ बजेसम्म) शुक्रवार र शनिवार
सम्पर्क नं. ००९१-९७०८८०१०००, ००९१-८८६३८७०२०८

आईडियल वचत तथा ऋण सहकारी संस्था लिमिटेड
राजविराज-३, मेनरोड तथा हनुमाननगर, सप्तरी

हाम्रा सेवाहरु
रेमिटान्स तर्फः
IME International Money Express — A Complete Money Transfer Solution
Reliable Remit — विदेशदेखि स्वदेशसम्म, शहरदेखि गाउँसम्म
himal remit — सम्पन्न पारदैछ जिन्दगी
SEWA MONEY TRANSFER
NABIL REMIT
CITY EXPRESS MONEY TRANSFER
प्रभु मनी ट्रान्सफर
MEGA REMIT
WESTERN UNION
SAMSARA सम्सारा रेमिट
Siddhartha Remit सिद्धार्थ रेमिट
कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED — KUMARI REMIT

नेपाल अधिराज्य भर सस्तो तथा सुलभ तरिकाले पैसा पठाउनको लागि तथा जुन सुकै बैंक तथा बित्तिय संस्थाको खातामा पैसा सजिलै जम्मा गर्न सकिने व्यवस्था
कर्जा तर्फः धितो कर्जा, व्यापार कर्जा, वैदेशिक कर्जा, सुलभ तरिकाबाट कर्जा
ideal_rajbiraj2010@yahoo.com
फोन नं. ०३१-५२१३५९, ०३१-५२३५५२

# सम्पादकीय

## आन्दोलनमय राजधानी

आम शैक्षिक हडताल गरेर सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीहरुले आन्दोलन जारी राखेको बेला अन्य पक्षले समेत आन्दोलन प्रारम्भ गरेपछि नेपाल सरकार सकसमा पर्दै गएको छ ।

नेपाल शिक्षक महासंघको अगुवाईमा शिक्षकहरुले थालेको आन्दोलनको कारण माध्यमिक स्तरसम्मको शैक्षिक गतिविधि पूर्ण रुपमा ठप्प हुन पुगेको छ भने नयाँ शैक्षिक सत्रको पढाईदेखि उच्च शिक्षा अध्ययनको बाटो खोल्ने एसईईको नतिजामा आन्दोलनले ढिलाई हुने अवस्थामा पनि सरकार सम्वेनशिल हुन सकेको देखिदैन ।

देशभरिका शिक्षकहरु राजधानी काठमाण्डौंमा केन्द्रित भएर आन्दोलन गरी रहँदा ७७ वटै जिल्लाको सामुदायिक विद्यालयमा सम्पूर्ण गतिविधि ठप्प हुन पुगेको छ । शिक्षकहरुको आन्दोलनले शैक्षिक क्षेत्र अस्तव्यस्त बनेका बेला सहकारी तथा वित्तीय संस्थाबाट पीडितहरुले राजधानी केन्द्रित आन्दोलनलाई पुन: निरन्तरता दिएको छ । सहकारी तथा वित्तीय संस्था पीडितहरुले फरक–फरक ढंगले आन्दोलनलाई निरन्तरता दिई सरकारलाई दबाब दिने कार्य गरी रहेको छ । राजवादीहरुले समेत गणतन्त्र, संघीयता विरुद्धको आन्दोलनलाई राजधानी केन्द्रित गरे पछि राजधानी आन्दोलनमय बन्न पुगेको छ ।

विभिन्न पक्षको आन्दोलनले सरकारलाई वार्ता, सम्वादवाट समस्या समाधान गर्न दबाब दिई रहेको बेलामा सरकार कसलाई प्राथमिक्तामा राख्ने हो ठम्याउन नसक्दा आन्दोलन लम्बिदै गएको छ । आन्दोलनले देशको राजधानी अस्तव्यस्त हुँदै गएको कारण त्यसको नकारात्मक प्रभाव समेत पर्न थालेकोले नेपाल सरकार आन्दोलनरत पक्षको माँग वार्ताको माध्यमबाट समाधान खोज्नुको विकल्प छैन ।

तपाईमाथि कसैले अन्याय वा अत्याचार गरेको छ ? गर्दैछ ? भने आफुले आफुलाई निमुखो नसम्झनुस् । तपाईको साथमा कृष्णा दैनिक छ । हामीलाई सूचना दिनुहोस् । हामी तपाईलाई परेको पीर मर्का हटाउन कलम मार्फत सहयोगी भूमिका खेल्ने छौं । तपाईले सहि दिँदा भोलि भ्रष्टाचारी, अन्यायीबाट अरू धेरै पीडित हुनेछन् त्यस्तै तपाईले देखेका भ्रष्टाचार, अनियमितता, तस्करी, कालोबजारी र गैर कानूनी कार्य समेतको हामीलाई सूचना दिनुहोस् र सच्चा नागरिकको भूमिका निर्वाह गर्नुहोस् । सूचना दिनु तपाईको पनि दायित्व हो । त्यसैले त्यस्तो गलत प्रवृत्तिको तपाई हामी मिली अन्त्य गरौं ।

सम्पादक

कृष्णा दैनिक

राजविराज–७ न.पा. कार्यालय नजिक

# प्रदेशको "वित्तीय स्वास्थ्य" को चिरफार

खिमलाल देवकोटा

राष्ट्रिय सभाका पूर्वसांसद समेत रहेका खिमलाल देवकोटा संघीयता र योजनाविज्ञ हुन् । उनी संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक समेत थिए ।

वित्त आयोगको प्रभावकारितासहित नेपालको समग्र अनुदान प्रणाली ( वितरणसहित) को गम्भीर रुपमा समीक्षा जरूरी छ

संविधानत प्रदेशको सीमित राजस्व अधिकार छ । राजस्व अधिकारमा घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड र जरिवाना हुन् । घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन, मनोरञ्जन र विज्ञापन कर स्थानीय तहको पनि कर राजस्व अधिकारमा छ । प्रदेश र स्थानीय तह दुवैको एकल–एकल अधिकारको प्रयोगमा हुने सम्भावित समस्या समाधानका लागि सुरूदेखि नै एकल कर प्रशासन अवलम्बन गरिएको छ ।

यसमा एक तहको सरकारले कर राजस्व संकलन गर्ने र अर्को तहको सरकारसँग बाँडफाँट गरिन्छ । जस्तो, सवारीसाधन करको निर्धारण र संकलन प्रदेशले गर्छ । ६० प्रतिशत राजस्व आफूले राखी बाँकी ४० प्रतिशत पालिकाहरुलाई हस्तान्तरण गर्छ ।

यसैगरी, विज्ञापन करको निर्धारण र संकलन पालिकाहरुले गर्छन् । मनोरञ्जन करको निर्धारण प्रदेशले र संकलन पालिकाहरुले गर्छन् । विज्ञापन कर र मनोरञ्जन करबाट संकलित रकमको पालिकाहरुले ६० प्रतिशत राखी बाँकी ४० प्रतिशत प्रदेशलाई हस्तान्तरण गर्छन् । आलेख, प्रदेशको आन्तरिक कर राजस्वलगायत समग्र वित्तीय स्थितिका बारेमा केन्द्रित छ । आन्तरिक आयलगायतका हिसावले प्रदेशहरु आत्मनिर्भर उन्मूख भए/नभएको सन्देश दिन्छ । आलेखमा प्रयोग गरिएका तथ्यंककीय विवरण महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त आव ०८०/०८१ को हो ।

प्रदेशको कर राजस्वको विश्लेषण गर्दा, कृषि आयमा कर शीर्षकबाट ७ वटा प्रदेशको कुल आय जम्मा २ लाख १६ हजार मात्र छ । मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशको यस शीर्षकमा एक रूपैयाँ पनि छैन । तर, कृषि उत्पादनको बिक्रीबाट भने प्रदेशले ७ करोड ८८ लाख रूपैयाँ आय हासिल गरेको देखिन्छ ।

महालेखाकै कर वर्गीकरणका आधारमा यो आय भनेको प्रदेशले आफैं उत्पादनको गरेको माछा बिक्री वा लिलामबाट, खोला वा पोखरीमा माछा मार्ने दस्तुर वा ठेक्काबाट, आफैंले उत्पादन गरेको कृषि उपज वा पशु बिक्रीबाट हासिल गरेको आयलाई जनाउँछ । यस शीर्षकमा सबभन्दा बढी बागमती प्रदेशले ३ करोड ८८ लाख रूपैयाँ हासिल गरेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशले १५ लाख रूपैयाँ मात्र हासिल गरेको छ । एकात्मक व्यवस्थामा यो कर शीर्षकबाट नेपाल सरकारले कर संकलन गर्न सकिरहेको थिएन ।

अप्ठ्यारो कर शीर्षक र राजस्वको दायरा पनि नभएका कारण प्रदेशलाई यो कर अधिकार हस्तान्तरण गरिएको जानकारहरु बताउँछन् । राम्रो कर राजस्व संकलन भएको भए सायद यो अधिकार प्रदेशले पाउने थिएनन् ।

स्थानीय तहसँग जोडिएको मनोरञ्जन कर र विज्ञापन करबाट प्रदेशहरुले जम्मा ५ करोड ६ लाख रूपैयाँ मात्र आय हासिल गरेका छन् । यस शीर्षकमा मनोरञ्जन करका रुपमा कर्णाली प्रदेशले जम्मा १४ हजार मात्र आय गरेको छ । यसले के संकेत गर्छ भने सिंगो कर्णाली प्रदेशका पालिकाहरुले विज्ञापन कर लगाएका छैनन् वा लगाए पनि प्रदेशलाई संकलित राजस्व बाँडफाँट गरेका छैनन् । राजधानी प्रदेश र ठूला-ठूला सहर भएको बागमती प्रदेशले समेत मनोरञ्जन करमा जम्मा ७० लाख रूपैयाँ र विज्ञापन करमा १ करोड ७८ लाख गरी जम्मा २ करोड ४८ लाख मात्र आय हासिल गरेको छ ।

यसले बागमती प्रदेशका पालिकाहरुले यी शीर्षकको आय संकलनमा खासै प्रयास नै गरेका छैनन् कि भन्ने संकेत पनि गर्छ । अथवा, संकलित राजस्वको उचित बाँडफाँट भएन कि भन्ने प्रश्न पनि छ । तर, बागमती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले दिएको जानकारीअनुसार यी शीर्षकको राजस्व संकलनमा पालिकाहरु गम्भीर नभएको र कतिपय अवस्थामा राजस्वमा चुहावटसमेत रहेको केही साताअगाडि 'फेडरालिज्म एन्ड लोकालाइजेसन सेन्टर' ले राजधानीमा गरेको कार्यक्रममा जनाएका थिए ।

मधेश प्रदेशले मनोरञ्जन करमा एक रूपैयाँ पनि राजस्व आर्जन गरेको देखिँदैन । विज्ञापन करमा जम्मा १ लाख ६५ हजार रूपैयाँ मात्र गरेको देखिन्छ । स्थानीय तहसँग जोडिएको कर राजस्व अधिकारका क्षेत्रबाहेकका कर राजस्वका क्षेत्रबाट प्रदेशले ६ अर्ब १३ करोड राजस्व संकलन गरेका छन् । यो राजस्व प्रदेशको अनुदानसहितको कुल आय १ खर्व ७३ अर्ब ३० करोडको ३.५३ प्रतिशत हो ।

स्थानीय तहसँग नजोडिएको प्रदेशको मात्रै आफ्नो आयको विश्लेषण गर्दा सबैभन्दा धेरै बागमती प्रदेशको २ अर्ब २७ करोड छ रूपैयाँ छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको २४ करोड रूपैयाँ मात्र छ । प्रदेशको आफ्नै हटाएर स्थानीय तहसँग जोडिएका कर राजस्वको चर्चा गर्दा २८ अर्ब ७७ करोड रूपैयाँ राजस्व प्रदेशले हासिल गरेका छन् ।

जुन प्रदेशको कुल आयको १७.१८ प्रतिशत हो । स्थानीय तहसँग जोडिएको र नजोडिएको दुवै एकीकृत गरेर विश्लेषण गर्दा प्रदेशको स्थानीय आय ३५ अर्ब ८८ करोड रूपैयाँ हुन्छ । यो आय प्रदेशको कुल आयको २०.७१ प्रतिशत हो । प्रदेशको आफ्नै ताकतको कमाइ भनेको यही ३५ अर्ब ८८ करोड हो । यसमा सबैभन्दा धेरै बागमती प्रदेशको १६ अर्ब ६८ करोड छ भने सबैभन्दा कम कर्णाली प्रदेशको ७३ करोड छ ।

आफ्नै कमाइबाट प्रदेशले प्रशासनिक खर्च धान्न सक्छ कि सक्दैन भनेर मापन गर्नका लागि यस आयलाई आधार मान्न सकिन्छ । तर, आन्तरिक आयको परिभाषामा राजस्व बाँडफाँट र रोयाल्टीलाई समेत समावेश गरिएको हुँदा यो विश्लेषण अधुरो हुन्छ ।

प्रदेशको स्थानीय आय ३५ अर्ब ८८ करोडमा घरजग्गा रजिस्ट्रेसनको योगदान ३०.५६ प्रतिशत छ । यसैगरी सवारीसाधन करको योगदान ३४.५९ प्रतिशत छ । यी दुवैको योगदान ६५.१५ प्रतिशत हुन्छ । यसले प्रदेशको आन्तरिक आयमा घर जग्गा रजिस्ट्रेसन शुल्क र सवारीसाधन करको योगदान उच्च छ भन्ने जनाउँछ । प्रदेशले यी कर राजस्वमा रहेका चुहावटलगायतमा सुधार गर्ने र अन्य कर राजस्व सम्भाव्यताको खोजी गर्नमा विशेष ध्यान दिनभने जरूरी छ । घरजग्गा किनबेचमा आएको मन्दीले प्रदेशको राजस्वको दायरामा चुनौती आउने निश्चितप्रायः छ । यस पाटोमा प्रदेश चनाखो हुनुपर्छ । अन्य सम्भाव्यताहरुको खोजी जरूरी छ ।

स्थानीय तहसँग बाँडफाँट हुने ढुंगा, गिटी, बालुवा र नदीले बगाइल्याएको काठदाउराको बिक्रीबाट प्राप्त कर राजस्वको योगदान प्रदेशको स्थानीय आयमा ३.९५ प्रतिशत छ । ढुंगा, गिटी, बालुवालगायतका स्थानीय कर राजस्वमा स्थानीय दलाल माफियाहरुको बिगबिगी छ । कतिपय पालिका र प्रदेशका पदाधिकारीहरुको यस्ता कर माफियहरुसँग गठजोडसमेत रहेको समाचार आउने गरेका छन् । पदाधिकारीहरु मात्र हैन कैयौं नेताहरुको संरक्षणसमेत यसमा छ । यसलाई व्यवस्थित गर्ने हो भने प्रदेश मात्र हैन, स्थानीय तहले समेत ठूलो लाभ लिन सक्छन् ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकमको १५/१५ प्रतिशत प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्ने कानुनी व्यवस्था छ । यसलाई राजस्व बाँडफाँट भनिन्छ । यसैगरी पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिजलगायतका प्राकृतिक स्रोतको रोयाल्टीबाट २५/२५ प्रतिशत प्रदेश र स्थानीय तहलाई बाँडफाँट हुने व्यवस्थासमेत यसै कानुनमा छ । स्मरणरहोस्, २०७३ को रुपान्तरित संस□ा सरकारले स्थानीय तहले ५ प्रतिशत र प्रदेशले १० प्रतिशत मात्र रोयाल्टी प्राप्त गर्ने व्यवस्थासहितको विधेयक दर्ता गरेको थियो । त्यसबेला म आफैं संसद्को अर्थ समितिमा विज्ञका रुञ्पमा सहभागी भएर प्राकृतिक साधन र स्रोतमा स्थानीय र प्रदेशको अधिकारका सवालमा प्रस्तुतिसमेत गरेको थिएँ । सभामुखलगायत सबै राजनीतिक दलका नेताहरुलाई भेटेरै लिखित ध्यानाकर्षणसमेत गराएको थिएँ ।

प्रदेशको कुल आयमा राजस्व बाँडफाँटको हिस्सा ३३.७३ प्रतिशत र प्राकृतिक साधनबाट प्राप्त हुने रोयाल्टीको ०.९१ प्रतिशत छ । मूल्यअभिवृद्धि कर र अन्तःशुल्कबाट देशभरबाट प्राप्त १५ प्रतिशत आयलाई एउटै डालोमा राखेर प्रदेशगत रुपमा विनियोजन गरिन्छ । तर, प्राकृतिक स्रोतको २५ प्रतिशत रोयल्टीको सम्बन्धमा प्रभावित प्रदेशले मात्र प्राप्त गर्ने कानुनी व्यवस्था छ ।

देशभरबाट संकलन हुने रोयल्टीको हिस्सा खासै धेरै छैन । रोयल्टी रकमका आधारमा प्रदेशगत चर्चा गर्दा प्राकृतिक साधन र स्रोतमा कुन प्रदेश सबल वा दुर्बल छ भन्ने सन्देश दिन्छ । प्रदेशलाई आवश्यक नीति बनाउन यसले सहयोग गर्छ ।

प्रदेशले प्राप्त गरेको कुल रोयल्टीलाई नै आधार मान्दा, विद्युत्को योगदान ५०.२४ प्रतिशत छ । वनको २७.५८ प्रतिशत छ भने पवर्तारोहणको १३.७२ प्रतिशत छ । कोशी प्रदेशको कुल रोयल्टीमा पर्वतारोहणको योगदान करिब ५२ प्रतिशत छ । यस प्रदेशले धेरथोर सबै प्राकृतिक साधनबाट रोयल्टी प्राप्त गरेको छ । यसले यो प्रदेश प्राकृतिक साधन र स्रोतमा अब्बल छ भन्ने सन्देश पनि दिन्छ । मधेश प्रदेशले वनबाहेक अन्य कुनै पनि क्षेत्रबाट रोयल्टी पाएको छैन । हिमाल नभएपछि पर्वताहोरणको रोयल्टी हुने कुरै भएन । तर अन्य प्राकृतिक साधन र स्रोतको संरक्षणलगायतमा प्रदेशले गम्भीर रुपमा सोच्नुपर्छ । सबैभन्दा महत्त्वपूर्ण वनबाट मात्र रोयल्टी प्राप्त गर्ने गरेका कारण यसको सुदृढीकरणलगायतमा मधेश प्रदेशले ध्यान दिनुपर्छ ।

बागमती प्रदेश र गण्डकी प्रदेशले विद्युत्मा उल्लेखनीय रोयल्टी प्राप्त गरेका छन् । कोशी प्रदेशजस्तै यी दुवै प्रदेशमा धेरथोर सबै खालका प्राकृतिक साधन र स्रोतको उपलब्धता देखिन्छ । लुम्बिनी प्रदेश खनिज रोयल्टीमा राम्रो छ । तर प्राकृतिक साधन र स्रोतको प्रचूर सम्भावना भएर पनि कर्णाली र सुदूरपश्चिम प्रदेश रोयल्टी प्राप्तिमा निकै नै कमजोर छन् । यी प्रदेशले दीर्घकालीन सोचका साथ काम गर्न जरूरी छ । राजस्व बाँडफाँट र रोयल्टीलाई समेत प्रदेशको आन्तरिक आयका रुपमा मान्ने हो भने कुल आयमा आन्तरिक आयको हिस्सा ५५.३४ प्रतिशत छ । बाँकी ४४.६६ प्रतिशत आयका लागि नेपाल सरकारको अनुदानमा प्रदेश निर्भर छन् ।

समानीकरण, ससर्त, समपूरक र विशेष गरी ४ प्रकारका अनुदान छन् । प्रदेशले प्राप्त गरेको कुल अनुदान ७७ अर्ब ३० करोडमा समानीकरण अनुदानको हिस्सा ५७.५४ प्रतिशत छ । ससर्त अनुदानको हिस्सा ३०.८५ प्रतिशत छ भने समपूरक र विशेष अनुदानको क्रमशः ६.४६ र ५.१५ प्रतिशत छ । सामाजिक, आर्थिक, मानवीय विकासलगायतका क्षेत्रमा पछाडि परेका प्रदेशलाई मूलप्रवाहीकरण गर्ने अचुक माध्यम विशेष अनुदानबाट हो ।

भारतले सन् १९६५ को दशकदेखि सुरू गरेर सन् २०१५ सम्म पछाडि परेका अछाम, जम्मु-कश्मीरलगायतका ११ वटा राज्यहरुलाई विशेष अनुदानका माध्यमबाट थप वित्तीय स्रोत प्रवाह गरेको थियो । सन् २०१५ मा भारतको योजना आयोगको खारेजीसँगै यो हट्यो । तर भारतको वित्त आयोगले अनुदान वितरणको सूत्रमा नै पछाडि परेका राज्यहरुलाई प्राथामिकता दिने विधि अवलम्बन गरेसँगै यसले निरन्तरता पाएको छ । नेपालमा पनि यस्तै विधि अवलम्बन गर्नुपर्छ । सरकार यो पाटोमा गम्भीर छैन । वित्त आयोगको प्रभावकारितासहित नेपालको समग्र अनुदान प्रणाली ( वितरणसहित) को गम्भीर रुपमा समीक्षा जरूरी छ ।

राजस्व बाँटफाँट, रोयल्टीसहित प्रदेशको कुल आयमा स्थानीय आयको योगदान ५५.३४ प्रतिशत छ ( तालिका ) । यो तथ्यले प्रशासनिक खर्चसहित सामाजिक आर्थिक विकास निर्माणलगायतका क्षेत्रमा काम गर्न प्रदेश सक्षम छन् भन्ने सन्देश दिन्छ । तर, यसको अर्थ प्रदेश आत्मनिर्भर छन्, आफ्नो खुट्टामा उभिन सक्षम छन् भन्न खोजेको हैन । आत्मनिर्भरताका लागि प्रदेशले राजस्वका दायराहरुलगायतको खोजी गर्न जरूरी छ । कतिपय प्रदेशले भद्दा संगठन संरचना बनाएका छन् ।

तिनको खारेजी पनि आवश्यक छ । यसैगरी प्रदेशका मन्त्रीको संख्या ५/७ वटामा सीमित हुने गरी संविधान संशोधन गर्ने हो भने प्रदेशको चलायमान र अस्तित्वमा कुनै समस्या रहँदैन । प्रदेशहरु आन्तरिक आयबाट नै आत्मनिर्भर हुन्छन् । संविधान संशोधनको बहसमा प्रदेशको वित्तीय अधिकार सुधारको विषय पनि जोडिन जरूरी छ ।

कान्तिपुरबाट

## मुक्ति...

संयोजक तोकिएको छ ।

त्यस्तै पार्टीद्वारा गरिएका भातृसंगठनहरू पनि बैशाख २१ गतेसम्म बनाउने सहित बैशाखको अन्तिम सातामा जिल्लाका सबै संगठित सदस्यहरूलाई प्रशिक्षण दिने कार्यक्रम गर्ने निर्णय गरिएको अध्यक्ष चौधरीद्वारा जारी विज्ञप्तिमा उल्लेख रहेको छ ।

# अव्यवस्थताका ह्याचरी

चन्द्रकिशोर
विश्लेषक चन्द्रकिशोर कान्तिपुरका नियमित स्तम्भकार हुन्। उनी मधेश, राजनीति र सीमान्तकृत समुदाय लगायत विषयमा लेख्छन्।

राजा फर्काउने नाममा अव्यवस्थाको जुन व्यूह रचिएको छ, त्यसका ह्याचरी गणतन्त्रका लागि लड्ने दलहरु नै हुन्

वीरगन्जका नागरिकहरुले ०६३ वैशाख १० गते एक महिलालाई सडक राष्ट्रपति घोषित गरे । यो जनआन्दोलनका क्रममा जनसामान्यद्वारा प्रकट गरिएको सर्वोच्च इच्छा थियो । 'एक जुगमा एक दिन एकचोटि आउँछ' भन्ने गणतन्त्रको प्रकटीकरणकालीन उद्घोष त्यसै उब्जिएको थिएन ।

यो कसैको निगाहमा बक्स भएको थिएन । जनमनको सपना थियो । नागरिकहरु नै राष्ट्रको अन्तिम निर्णयकर्ता हुन् । यसैले नेपालमा गणतन्त्र एउटा स्वाभाविक र सहज स्थापना हो । त्यो दिन वीरगन्जको जनभेलाले स्थापित गर्‍यो कि जनता भविष्यमा आउने राज्य पद्धतिका पनि स्रोत हुन् । क्रान्तिभूमि वीरगन्जले नेपालका प्रत्येक जनसंघर्षमा यसैगरी अग्रमान्यता स्थापित गर्दै आएको हो ।

त्यसको भोलिपल्ट विजय उत्सव मनाइयो । ०६१ माघदेखि सुरू ज्ञानेन्द्र शाही ढलेको थियो, जनताले जितेका थिए । वीरगन्जको विजय सभामा विभिन्न वक्ताहरु बोल्दै थिए । तलबाट मञ्चसम्म कहल्याइयो एक जना दलित आवाज पनि राख्नुपर्‍यो । तर सुनुवाइ भएन । केही घण्टा पहिला ठूलो संघर्षबाट प्राप्त भएको लोकतन्त्रलाई बलियो बनाउने भनेको प्रत्येक प्रक्रियामा वञ्चित समुदायको सहभागिताको खोजी हो । कुनै पनि पक्ष यस प्रक्रियामा सामेल हुन नसक्नु वा अलग हुनु भनेको नवजात लोकतन्त्रलाई कुपोषित गर्ने कुराको संकेत थियो । यो विषय संकेत मात्र बनेन, यथार्थ बनेर देखियो ।

लोकतन्त्रले सबै ढंगबाट सन्तुलित र समानुपातिक विकास प्रक्रियामा जोड दिन्छ । राज्यलाई न्यायपूर्ण रुपान्तरणमा लैजाने प्रमुख माध्यम बन्ने राजनीतिक दलहरु त्यो दिन वीरगन्जमा आफ्नो गहन भूमिका बिर्से । छोटो समयमा नै गठबन्धनका दलहरुमा विजय उन्माद छिरिसकेको थियो । वर्चस्वको अभिमान टुसाइसकेको थियो । लोकतन्त्रात्मक राज्य संरचना केवल सैद्धान्तिक विषय मात्रै होइन । लोकतन्त्रमा व्यक्तिगत स्वतन्त्रतालाई सर्वाधिक महत्त्व दिइन्छ । लोकतन्त्रले राज्य संरक्षित विभेद र विभाजनलाई जरोच्छेद गर्छ । त्यस उप्रान्त सर्वदलीय गठबन्धनका नाममा के-के भयो ? भुइँमान्छेहरु नै भन्थे, तिनीहरुभित्रको मानसिकता र कार्यशैलीमा लोकतान्त्रिक मूल्यको न्यूनता बारम्बार खट्किने विषय बनेको छ । अर्थात् सुनको दिन उदायो पनि र त्यही दिनदेखि ग्रहण पनि लाग्यो । यो कथा वीरगन्जको भए पनि व्यथा सिंगो देशको हो ।

आजको नेपालमा राजा रहनु वा नरहनु भन्ने बहसको विषय हुँदै होइन । न त यो भारतलगायत अन्तर्राष्ट्रिय मित्र देशहरुको चासोको विषय नै हो । मूल मुद्दा हो 'रूग्ण गणतन्त्र' राख्ने कि 'सबल गणतन्त्र' । सबल गणतन्त्र अहिले मूलधारका सबै दलहरुका साथै वाचाल नागरिक समाजसमेतको साझा मुद्दा बन्न पुगेको छ । तात्कालिक गतिरोधबाट आत्तिनुपर्ने कुनै कारण छैन ।

नयाँ संविधानले तीन वटा प्रमुख कुरा स्थापित गर्‍यो- गणतन्त्र, संघीयता र सामञ्जस्य । सामञ्जस्यअन्तर्गत विभिन्न भाषा, क्षेत्र, लिंग, जाति, धर्मसँग राज्यको सम्बन्ध परिभाषित गरिनु हो । वीरगन्जको प्रसंगमार्फत उठाउन खोजिएको के हो भने नयाँ प्रयत्नको पृष्ठभूमि बनाउने क्षणदेखि नै पोलिटिकल हिप्पोक्रेसीले छोप्यो । यसले नै हामीलाई सही अर्थमा आधुनिक र लोकतान्त्रिक हुन बाधा पुर्‍याएको छ । जनतामा निराशा यसैले पलाएको छ । परिणामतः हामी धेरै प्रकारका द्वन्द्वमा जेलिएका छौं ।

यतिखेर हामी नेपाल राज्यको जग बसाल्ने क्रममा छौं । नेताराजका कारण अकर्मण्यता र अनुत्तरदायीपन त हरेक दिन झन् स्पष्ट हुँदै गएको छ । संविधान जीवन्त बनाइराख्न सकियो भने देश बलियो हुँदै जान्छ ।

राजावादी हुनु अन्धश्रद्धाको सिकार हुनु हो । यो भनेको कुनै अमूक व्यक्तिद्वारा आफ्नो जीवनका लागि सकारात्मक वा नकारात्मक नतिजा हासिल गर्नका लागि 'परामानवीय' शक्तिलाई रिझाउनेसरहको मानसिकता हो । एउटा यो पनि तर्क छ कि अन्धश्रद्धा व्यक्तिको निजी मामिला नै रहे र त्यो सार्वजनिक क्षेत्रमा नआए त्यो समस्या बन्दैन । तर प्रश्न यो छ कि, जुन चीज तपाईंको निजी हिस्साको अंग बनिसकेको छ, त्यसबाट तपाईंको सार्वजनिक आचरण प्रभावित हुँदैन भन्ने त्यसको के ग्यारेन्टी ? एकै पटक दोहोरो मापदण्ड चल्दैन । कुनै अमूक राजाको विरोध गर्ने तर आफैंभित्र 'राजा' बाँचिरहने ।

साँच्चिकै गणतन्त्रमा पुग्नुको लडाइँ लामो छ । यो केवल राष्ट्रपति चुन्नुमै सीमित छैन । जनगणको मनमस्तिष्कमा अनिवार्य देखिनुपर्ने बदलाव हो । यो छोटो, सहज बाटोबाट लक्ष्यसम्म पुग्न सकिँदैन । सिंगो परिवेश बदल्ने लडाइँले नै काँचुली फेर्न सकिन्छ । ज्ञानेन्द्र शाहको हलचल एक कोणबाट अर्थ्याउँदा प्रेरणा हो, जसले प्रत्येक नेपालवासीलाई मनमस्तिष्क अझ बढी संकल्पबद्ध भएर तर्कशील चेतनाको प्रसारका लागि देशव्यापीस्तरमा यस कामलाई अगाडि लैजाने बाटो देखाइरहेको छ । राष्ट्रिय पुनर्जागरणको एउटा सानो तर महत्त्वपूर्ण सुरूआत यसै बिन्दुबाट हुन सक्छ । हाकाहाकी राप्रपा जुन राजा फर्काउने राजनीतिको सबैभन्दा ठूलो हस्ताक्षर बनेर देखा परेको छ, एउटा यस्तो राज्य व्यवस्था लागू गर्न चाहन्छ जो आउटडेटेड सोचको तानाशाही हुनेछ र त्यसको मुख्य सिकार यस देशका बहुसंख्यक जनता हुनेछन् । लामो समयको तयारीपश्चात्को सियासी परिक्रमाको 'फ्लप शो' देखिहालियो ।

राप्रपालाई लाग्छ, ऊसँग न इतिहास छ न आधुनिक समाज अपेक्षित तर्क, यस्तोमा गणतान्त्रिक शक्तिहरुसँग प्रतिस्पर्धा गर्न भनेरै धर्मको राजनीति गरेका हुन् । राजनीतिमा धर्म तानेपछि तर्क गर्नु पर्दैन । हुन पनि धर्ममा केही साबित गरिरहनु पर्दैन । 'डेलिभर' जस्ता अपेक्षाहरु गौण बन्न पुग्छन् । राप्रपाले जन्मकालदेखि नै उही नारा दोहोर्‍याउनुबाहेक त्यसमा कुनै नयाँपन छैन । गणतन्त्रपछिका कालखण्डमा निर्मल निवासको अनुग्रह पाउनैमा दौड लगाउने नेतृत्व पंक्ति हाबी रहे । तर पदच्युत राजासँगको निकटताले तात्विक अर्थ राख्छ, गणतान्त्रिक राजनीतिमा । राष्ट्राध्यक्ष बन्न ललाटमै लेखेर ल्याएको हुनुपर्छ भन्ने मोहनशमशेरको मतभन्दा समय निकै अगाडि बढिसक्यो, अब एक चुनावी प्रक्रियाबाट निर्धारित व्यक्ति नै सो पदमा पुग्न सक्छ ।

राप्रपाको जुनसुकै मोर्चामा ५ प्रकारका व्यक्तिहरु अटाएका छन् । पहिलो, पञ्चायतकालीन सुख सयल भोगे, अन्यत्र पत्याइँदैन पनि अनि पूर्वपञ्चहरुकै संगठन रोजेकाहरु । दोस्रो मुसा प्रवृत्तिका जो सत्ताको डुंगा चढ्न यताबाट उता सर्दै गरे पनि आफ्ना लागि एक चल्तीको दुकान चलाउन चाहनेहरु, यस्ताहरुमध्ये कतिपय निर्मल निवाससँग समदूरीमा बस्छन् । तेस्रो, विभिन्न स्वार्थी शक्ति केन्द्रहरु चहार्दै भ्यागुता उफ्राई गर्दै हाल निर्मल निवास अधिपतिका पाउमा समर्पितहरु । चौथो, आफूसँग विचार शून्यता छ, परिवर्तनको कुनै सपना छैन, केवल अन्धभक्ति छ । पाँचौं राजा र धर्मको सवारी गरेर आफ्नो राजनीतिक तागत बनाउनु छ । यसमा दुईमत छैन कि राप्रपा पूर्वपञ्चहरुको त्यो समूह हो जो आफूहरुकै विगतका उदार-अनुदार द्वन्द्वका पीडा लुकाउँछन् । तर एक कल्पित अतीतमा रमाउँछन् । ज्ञानेन्द्र शाहका बारेमा पूर्वपञ्चहरुकै लिखतमा जे-जति लेखिएका छन्, तीबारे छाती ठोकेर कबुल गर्न किन पन्छिन्छ ?

राप्रपा एक राजनीतिक संगठन हो । गणतान्त्रिक लोकतन्त्रको उदारतामा मौलाएको हो । अहिले राजा फर्काऊ भनेर अस्तित्वमा आएका मौसमी संगठनहरुको कुरा गर्न खोजिएको होइन । यिनीहरु काठमाडौंकेन्द्रित संघर्ष चटक्क छाडेर मधेशमा झर्न सक्छन् । औपनिवेशिक संरचनामा लामो समय रहेकाहरु यस्ता चटकेहरु नै साँच्चिकै विघ्नहर्ता हुन् भनेर पत्याइदिने जमात पनि निस्किन सक्छ । हरेक समाजमा 'मौन बहुमत' समूह हुन्छ, मधेशमा पनि छन् जो गणतान्त्रिक पाञ्चजन्य फुक्न तम्तयार भएर बसेका छन् । नेपाली राजनीतिमा राजा इतिहास भइसक्यो तर यो 'राजाको बाजा' अझै दीर्घकालसम्म गुन्जिरहन्छ । किनभने राजा फर्काउने नाममा अव्यवस्थाको जुन व्यूह रचिएको छ, त्यसका ह्याचरी गणतन्त्रका लागि लड्ने दलहरु नै हुन् । त्यो सूक्ष्म तरिकाले नियाल्न जरूरी छ ।

ज्ञानेन्द्रको अन्धो महत्त्वाकांक्षा रातारात पलाएको होइन । गणतन्त्रको सुन्दर बिहानीमा नै पृथ्वीनारायण शाहको पूजा फेरि सुरू गरियो । जबकि गणतन्त्रले देशको निर्माता यहाँका नागरिक हुन् भन्ने मान्यता आत्मसात् गर्छ । यसमा यहींका बासिन्दाको पीडा र संघर्ष लतपतिएको छ । त्यसपछि राजावादी भनाउनेहरुलाई राष्ट्रवादी भनेर धाप दिइयो । ज्ञानेन्द्र शाहलाई पूर्वराष्ट्राध्यक्ष मान्ने कि एक सामान्य नागरिक भएर बाँच्ने मौका पाएका भन्नेमा दुविधा देखियो । महेन्द्र शाहका तुरुपहरुको जयगान र अनुकरण गर्न थालियो ।

अमूक धर्मको नामसँगै राजालाई जोडेर हेर्ने अवधारणा फिँजाइयो, जबकि यी दुई भिन्न विषय हुन् । एउटा उदार धर्मका अनुदार पात्र पहरेदार कसरी हुन सक्छ ? त्यसैगरी नितान्त दलीय स्वार्थका लागि राजावादी पात्रलाई कोरल्ने काम हुँदै आयो । सार्वजनिक सम्पत्ति जो दरबार हत्ते हालेरै लगे त्यसलाई फर्काउन परहेज हुँदै रह्यो । मूलधारका प्रायः नेताहरु कर्मकाण्डी भएर उदाए । उही लवेदा - सुरूवाल, ढाका टोपी र मर्जी-हजुरको चलन व्याप्त भयो । नेपाली राजनीतिको पुरानै प्रवृत्ति हो- विपक्षीको छवि भन्जन गर्ने । एकआपसमा हिलो छ्यापाछ्याप गर्दै रहँदा उता अतीतका राजाहरुको वस्त्र सफा देखिन थाल्यो । शाही सेनाको नेपाली सेनामा रुपान्तरणको प्रक्रियामा समेत नागरिक विमर्शलाई पर धकेलियो । यी छायाका कार्यहरुले गर्दा प्रकारान्तरमा सग्लो अनुहार चम्किएको हो ।

संसद्का पहिलो र दोस्रो दल मिलेर सरकार बनाएपछि यिनका दलपतिहरुमा दम्भ नपलाएको होइन । यी ठूला दुई दलका मुखियाहरुलाई लाग्छ, आजीवन शक्ति आफैंमा केन्द्रित रहनुपर्छ । चुकलाई निराशा वा अहंकार छोप्नका रुपमा होइन, सु[illegible]ने अवसरका रुपमा लिँदा नै जो कसैको हित हुन्छ । आफूलाई पुनः संगठित हुनुपर्ने कार्यभारलाई ओझेलमा राख्दै गर्दा छिमेकी भारतमा कैयौं दलहरु धुलिसात भएका छन् । उसो त यिनीहरुलाई यतिखेर अर्ती-उपदेश दिनेको बाढी नै आएको छ । कान्तिपुरबाट




## तपाईंको राशिफल
ज्योतिषाचार्य पण्डित रामकुमार शास्त्री

**मेष** चु, चे, चो, ला, लि, लु, ले, लो, अ
यात्रा शुभ, आथिक लाभ, आफन्तसँग भेट, रूकेको कार्यमा सफलता तथा विशिष्ट लाभको समय देखिन्छ ।

**वृष** इ, उ, ए, ओ, बी, बु, बे बो
समय मध्यम भएपनि कठिन, परिश्रमले सम्पूर्ण कार्यमा सफलता प्राप्त गर्ने समय छ ।

**मिथुन** का, कि, कु, घ, ङ, छ, के, को, ह
आज तपाईको लागि त्यति राम्रो समय न भएपनि परिश्रम गर्दा कार्य सफलता हुन सक्छ ।

**कर्कट** हि, हु, हे, हो, डा, डि, डु, डे, डो
आर्थिक लाभ, शुभ यात्रा, स्वास्थ्य लाभ, आफन्तसँग भेट कार्यमा आयको सम्भावना छ ।

**सिंह** मा, मि, मु, मे, मो, टा, टी, टु, टे
यात्रा शुभ, आथिक लाभ, आफन्तसँग भेट, रूकेको कार्यमा सफलता तथा विशिष्ट लाभको समय देखिन्छ ।

**कन्या** टो, प, पी, पु, ष, ण, ठ, पे, पो
समय मध्यम भए पनि कठिन परिश्रमले सफलता पाउने छन् । हराएको सम्पति प्राप्त गर्ने सम्भावना छ ।

**तुला** र, रि, रु, रे, रो, ता, ती, तु, ते
समय मध्यम भए पनि कठिन परिश्रमले सफलता पाउने छन् । हराएको सम्पति प्राप्त गर्ने सम्भावना छ ।

**बृश्चिक** तो, ना, नि, नु, ने, नो, या, यी, यु
सयम राम्रो, व्यापार सुखद, यात्रा भय, आर्थिक सन्तुष्टि, आफन्तसँग भेट स्वास्थ्य लाभ र परिवारिक जीवन उत्तम छ ।

**धनु** ये, यो, भा, भी, भु, ध, फा, ढ, भे
समय मध्यम यात्रा शुभ, व्यापार सन्तोषजनक, आर्थिक रूपले समान्य समय भए पनि आम्दानी आउने समय देखिन्छ ।

**मकर** भो, जा, जी, खि, खु, खे, खो, गा, गि
समय राम्रो छ । आर्थिक लाभ, शुभ यात्रा, आफन्तसँग भेटघाट चिताएको काम सफलताको योग देखिन्छ ।

**कुम्भ** गु, गे, गो, सा, सि, सु, से, सो, द
समय मध्यम भए पनि कठिन परिश्रमले सफलता पाउने छन् । हराएको सम्पति प्राप्त गर्ने सम्भावना छ ।

**मीन** दी, दु, थ, झ, ञ, दे, दो, चा, ची
आर्थिक लाभ, शुभ यात्रा, स्वास्थ्य लाभ, आफन्तसँग भेट कार्यमा आयको सम्भावना छ ।

# बाढीले निर्माणाधिन पुल भाँचियो



**कृष्णा सम्वाददाता**___
गाईघाट, २८ चैत्र । उदयपुरको सिद्धिचरण लोकमार्ग स्थित सिमानपुर र कल्याणपुर जोड्ने अमाहा खोलामा बन्दै गरेको पक्की पुल भाँचिएको छ ।

जिल्लाको कटारी नगरपालिका वडा नं. २ स्थित रहेको सो पुल बुधबार रातिको वर्षापछि अमाह खोलामा बाढी आउँदा भाँचिएको स्थानीयले बताएका छन् ।

मिर्चैया - कटारी - घुर्मी सडक आयोजनाका इन्जिनियर तथा सूचना अधिकारी वीरेन्द्र प्रसाद महतोका अनुसार ढलान गर्दा पुलमा लगाइएका टेकाहरु बाढीका कारण भासिँदा पुल लच्किएको हो । मिर्चैया - कटारी - घुर्मी सडक योजना कार्यालयमार्फत सूर्या एन्ड सन्स इटहरीले उक्त पुल निर्माणको जिम्मा लिएको थियो ।

२ सय ५० मिटर लामो ४ वटा पुल सम्पन्न गर्ने गरी २८ करोड ८८ लाख ५२ हजारमा सम्झौता भएको महतोले जानकारी दिए ।

# दुर्घटनामा दुई चालक घाइते

**कृष्णा सम्वाददाता**___
राजविराज, २८ चैत्र । सर्लाहीको दुधडेरी चौकमा बिहीबार बिहान मिनी ट्रक र कन्टेनर ठोक्किँदा दुवै सवारीका चालक घाइते भएका छन् ।

जिल्लाको बरहथवा नगरपालिका वडा नं. ७, दुधडेरी चोकमा बरहथवाबाट हीरापुरतर्फ जाँदै गरेको प्रदेश-३-०१-०२३ च ८४४७ नम्वरको मिनी ट्रक र विपरीत दिशाबाट आउँदै गरेको ना.६ ख ४८ नम्वरको कन्टेनर आपसमा ठोक्किँदा दुवै गाडीका चालक घाइते भएका हुन् ।

दुर्घटनामा मिनी ट्रकका चालक काभ्रेको पाँचखाल नगरपालिका वडा नं. २, बस्ने २० वर्षीय सुरेश तामाङ र कन्टेनर चालक मकवानपुरको थाहा नगरपालिका वडा नं. १०, बस्ने २६ वर्षीय दीपेन्द्र गोपाली घाइते भएका छन् । दुवै घाइतेको शङ्कट मोचन अस्पताल बरहथवामा उपचार चलिरहेको प्रहरीले जनाएको छ ।

# विराटनगरका एक पुरूष काठमाण्डौंमा मृत भेटिए

**कृष्णा सम्वाददाता**___
राजविराज, २८ चैत्र । मोरङको विराटनगर बस्ने एकजना काठमाण्डौंमा मृत फेला परेका छन् ।

प्रहरीले दिएको जानकारी अनुसार मोरङको विराटनगर महानगरपालिका वडा नं. ३ घर भएका ४५ वर्षीय युवराज ढकाल काठमाण्डौं स्थित शंखूमलमा रहेका आफ्नै डेरामा मृत भेटिएका हुन् । मृतकको शव पोष्टमार्टका लागि अस्पतालम राखि अनुसन्धान शुरू गरिएको प्रहरीले जनाएको छ ।




# मृतक महिलाको पहिचान खुल्यो



**कृष्णा सम्वाददाता**___
इनरूवा, २८ चैत्र । सुनसरीको धरान स्तिथ जंगलमा गत सोमबार अर्धनग्न अवस्थामा मृत भेटिएकी महिलाको पहिचान खुलेको छ ।

मृतक महिला धनकुटाको महालक्ष्मी नगरपालिका वडा नं. २ की ३४ वर्षीया चुनकुमारी दाहाल बुढाथोकी रहेको बताइएको छ ।

दाहाल सुनसरीको इटहरी उपमहानगरपालिका वडा नं. २, हलगडामा बसोबास गर्दै आएकी थिइन् । प्रहरीका अनुसार आफन्तले शवको पहिचान गरेका हुन् । उनका श्रीमान् प्रेम दाहाल वैदेशिक रोजगारीका लागि कोरियामा छन् ।

धरान उपमहानगरपालिका वडा नं. ६ स्थित पञ्चकन्या सामुदायिक वनमा सोमबार दिउँसो महिलाको शव फेला परेको थियो । गोठालो गएकाहरूले वनभित्र लसुनेको रूखमुनि अर्धनग्न अवस्थामा महिलाको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । महिलाको घाँटी कसेर हत्या गरेपछि लसुनेको रूखमुनि अडेस लगाएर शव छाडेजस्तो देखिएको प्रहरीको भनाइ छ ।

शवको कम्मर मुनिको कपडा खोलिएको अवस्थामा थियो । प्रहरीका अनुसार अन्यत्र हत्या गरी महिलाको शव घिसारेको जस्तो पनि देखिन्छ । महिलाको पहिचान खुलेपछि प्रहरीले हत्याको आशंकामा अनुसन्धान गरिरहेको छ ।

# करेन्ट लागेर बालकको मृत्यु

**कृष्णा सम्वाददाता**___
राजविराज, २८ चैत्र । रौतहटको औंरैया टोलमा करेन्ट लागेका एकजना बालकको मृत्यु भएको छ ।

जिल्लाको ईशनाथ नगरपालिका वडा नं. ३ मा करेन्ट लागेर बिहीबार सिराजुल मियाँका ७ वर्षिया बालक आलम मियाको मृत्यु भएको हो ।

खेल्दा खेल्दै छिमेकी इस्लाम देवानको पानी तान्न हेन्ड पाइपमा जडान गरिएको मोटरमा करेन्ट लागेर घाइते भएका नाबालकलाई उपचारका लागि प्रादेशिक अस्पताल गौरमा ल्याउँदा चिकित्सले मृत घोषित गरेको थियो ।

मृतकको शव पोस्टमार्टम प्रादेशिक अस्पताल गौरमा भइरहेको तथा घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# लागु औषध सहित तीन पक्राउ

**कृष्णा सम्वाददाता**___
राजविराज, २८ चैत्र । बाराको फेटा गाउँपालिका वडा नं. ३ चौतारा नजिक घोडासाहनबाट दुईजनालाई प्रहरीले लागु औषध सहित पक्राउ गरेको छ ।

मधेश प्रहरी कार्यालय जनकपुरधामले जनाएका अनुसार बुधबार दिउँसो भारतको शिवनगर इनर्वा पञ्चायत पूर्वी चम्पारण वडा नं. २ बस्ने ३० वर्षीय टुटु कुमार र ३२ वर्षीय टुटु अन्सारीलाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको टोलीले ना.३ त ४७१४ नम्बरको ट्याक्टरलाई जाँच गर्ने क्रममा उक्त पदार्थ फेला पारी चालक टुटु कुमार र ट्याक्टरमा सवार टुटु अन्सारीलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

यस्तै उदयपुरको बेलका नगरपालिका वडा नं. ८ भचुवा बस्ने २१ वर्षीय दिवस विकलाई पनि प्रहरीले अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब २ सय ४० मिलिग्रामसहित बुधबार राति पक्राउ गरेको छ ।

डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
**नगर कार्यपालिकाको कार्यालय**
**Office of the Municipal Executive**
पातो, सप्तरी
Pato, Saptari

website: dakneshworimun.gov.np
email: info@dakneshworimun.gov.np
मधेश प्रदेश, नेपाल
**Madhesh Province, Nepal**

प.स.: २०८१/०८२ मिति: २०८१|१२|२८
च.न.:

## क्याटलग सपिङ्ग विधिबाट हेभीइक्विपमेन्ट खरिदको लागि सूचिकृत हुन आह्वान गरिएको सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१।१२।२९**

यस कार्यालय प्रयोजनको लागि चालु आ.ब. २०८१/०८२ मा आवश्यक रहेको हेभी इक्विपमेन्ट ट्र्याक्टर (Tractor) खरिद गर्नुपर्ने भएकोले उपलब्ध गराउने इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी, त्यसको अधिकृत/आधिकारीक विक्रेता, कम्पनीले फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र (Letter of Authorization), र आ.ब. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख अनुसार उक्त हेभीइक्विपमेन्ट उत्पादनको आधिकारीक स्पेशिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) तथा प्राविधिक प्रस्ताव संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन कार्यालय समयभित्र यस कार्यालयको मौजुदा सूचीमा सुचिकृत हुन उत्पादक वा आधिकारीक विक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध छ।

**बिवरण:**

| क्र. सं. | ठेक्का नं. | खरिद गर्ने मालसामानको नाम | Specification प्रस्तावको संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०३-२०८१-०८२ | ट्र्याक्टर (Tractor) | Four Stroke diesel engine, Rated RPM 2000 (MIN), Water Cooled 3/4 cylinder, Max. Power Not less 49HP. Max Torque not less than 200NM at govern rpm. | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु Specification/ प्रस्तावको विस्तृत विवरणका लागि कार्यालयको जिन्शी शाखामा सम्पर्क राख्न सिकने छ। |

(डाक्नेश्वरी नगरपालिका)

प्रकाशकः श्रीमती जिवछी यादव सम्पादक : मुरली प्रसाद यादव, समाचार सम्पादक : एमके माझी, सह-सम्पादक : अमरनाथ मण्डल, प्रमुख सम्वाददाता : बैजु जोशी, प्रमुख व्यवस्थापक : रिना यादव, कम्प्युटर सेटिङ्ः सरोज यादव',
इमेल : krishnadaily@yahoo.com, krishnadailyrjb@gmail.com मुद्रक : न्यू देबचुली अफसेट प्रेस, रा.वि. कार्यालय : खेलकुद सपिङ्ग कमप्लेक्स, महेन्द्र क्लब रा.वि., विराटनगर सम्पर्क : उमेश मण्डल, फोन-फ्याक्स नं. : ०३१-५३१७४७